बैठक संख्या: ६।२०८३-२०८४
बैठक मिति:२०८३।०५।११ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८३।०५।११ गते बिहिबार दिनको १:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री रामभरोसी रौनियार | का.वा.वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री बासुदेव माझी | का.वा. वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री गुणराज ढकाल | नि.प्रमुख प्रशासकीय अधिकृत | |

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री निराजन ओझा | कानून अधिकृत | |
| २ | श्री नगेन्द्र पौडेल | विपद् शाखा प्रमुख | |
| ३ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| ४ | श्री सुदिप ढुंगाना भट्टराई | लेखा शाखा | |
| ५ | श्री मुना पोखरेल | प्रशासन शाखा | |
| ६ | | | |

बैठक संख्या: ६।२०८३-२०८४
बैठक मिति:२०८३।०५।११ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१.प्रस्ताव नं. १: सहायक कम्प्युटर अपरेटर पदको परीक्षा तथा नतिजा प्रकाशन पछिको गुनासो/असहमति सम्बन्धमा।

२.प्रस्ताव नं. २: विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

रामधुनी नगरपालिकामा करार सेवामा सहायक कम्प्युटर अपरेटर पदमा कर्मचारी नियुक्तिका लागि मिति २०८३/०५/०७ गते सञ्चालन भएको लिखित परीक्षा तथा उक्त परीक्षाबाट प्रकाशित नतिजाको सम्बन्धमा परीक्षार्थी तथा सरोकारवालाहरूबाट आएका गुनासा तथा असन्तुष्टिका सन्दर्भमा मिति २०८३/५/१० गते सम्पन्न सर्वदलीय र सरोकारवाला बैठकबाट परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनसम्बन्धी सम्पूर्ण प्रक्रियाको सत्यतथ्य छानविन गर्न ३ सदस्यीय स्वतन्त्र तथा निष्पक्ष छानविन समिति गठन गरी सो समितिबाट प्राप्त छानबिन प्रतिवेदन तथा सुझावका आधारमा आवश्यक निर्णय गर्ने निर्णय भएकोले, उक्त सर्वदलीय बैठकको निर्णयलाई यस कार्यपालिकाले ग्रहण तथा कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं.२**

मिति २०८३ भदौ १० गते रसुवा जिल्लालगायत विभिन्न क्षेत्रमा आएको विनाशकारी बाढीका कारण ठूलो मात्रामा जनधन तथा भौतिक सम्पत्तिको क्षति भएको र प्रभावित नागरिकहरू गम्भीर मानवीय संकटमा परेको दुःखद परिस्थितिप्रति यस रामधुनी नगरपालिका नगर कार्यपालिकाको बैठक गहिरो दुःख व्यक्त गर्दछ। उक्त प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनु हुने नेपाललगायत विभिन्न मुलुकका नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्ने तथा घाइते एवं विस्थापित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभ र सहज पुनःस्थापनाको कामना गर्ने निर्णय गरियो।

साथै, विपद्को यस दुःखद घडीमा प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुर्‍याउनु सबैको साझा मानवीय दायित्व भएकोले रामधुनी नगरपालिका क्षेत्रभित्र रहेका जनप्रतिनिधि, कर्मचारी, संघसंस्था, उद्योगी—व्यवसायी, सामाजिक संघसंस्था तथा आम नगरवासीहरूबाट स्वेच्छिक परूपमा आर्थिक तथा अन्य आवश्यक राहत सहयोग संकलन गर्ने निर्णय गरियो।

CamScanner

बैठक संख्या: ६।२०८३-२०८४
बैठक मिति:२०८३।०५।११ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

यसैगरी, यस नगरपालिका तथा नगरपालिका मातहतमा कार्यरत सम्पूर्ण कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक, सामुदायिक विद्यालयका कर्मचारी तथा जनप्रतिनिधिहरूले दुई दिन बराबरको तलब तथा भत्ता राहत सहयोगस्वरूप योगदान गर्ने निर्णय गरियो। विभिन्न क्षेत्र तथा स्रोतबाट संकलन हुने राहत रकम केन्द्रिय बिपद व्यबस्थापन कोषमा जम्मा गरी तथा प्राप्त राहत सामग्रीलाई पारदर्शी र व्यवस्थित रूपमा अभिलेखीकरण एवं व्यवस्थापन गरी नेपाल सरकार तथा सम्बन्धित आधिकारिक निकायसँग आवश्यक समन्वय गरी एकद्वार प्रणालीमार्फत बाढी प्रभावित नागरिकहरूको राहत तथा पुनःस्थापनाका लागि उपलब्ध गराउने निर्णय गरियो।

राहत सहयोगको संकलन, व्यवस्थापन, अभिलेखीकरण तथा सम्बन्धित निकायमा हस्तान्तरण गर्ने कार्यको आवश्यक समन्वय नगरपालिकाको कार्यालयले गर्ने निर्णय गरियो।